कलैया उपमहानगरपालिका

नगर कार्यपालिकाको बैठक नं.०५/०८२/८३

आज मिति २०८२।०६।२७ गते सोमबार बिहान ८:०० बजे कलैया उपमहानगरपालिका नगर प्रमुख श्री बिनोद प्रसाद साह ज्युको अध्यक्षतामा नगर कार्यपालिकाको बैठक नं.०५/०८२/८३(पाँचौं बैठक) मा निम्नानुसारको पदाधिकारीहरुको उपस्थितिमा बैठक बसियो ।

उपस्थिति

| क्र.सं. | नाम, थर | पद | हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|
| १. | बिनोद प्रसाद साह | नगर प्रमुख | | |
| २. | रौशन परविन | नगर उपप्रमुख | | |
| ३. | मोहन बहादुर क्षेत्री | वडा अध्यक्ष, वडा नं.१ | | |
| ४. | राजेश कुमार महतो | वडा अध्यक्ष, वडा नं.२ | | |
| ५. | मोहन साह कानु | वडा अध्यक्ष, वडा नं.३ | | |
| ६. | रामेश्वर प्रसाद यादव | वडा अध्यक्ष, वडा नं.४ | | |
| ७. | किशुन राउत अहिर | वडा अध्यक्ष, वडा नं.५ | | |
| ८. | रामविश्वास ठाकुर लोहार | वडा अध्यक्ष, वडा नं.६ | | |
| ९. | सैफुल्लाह मिया अंसारी | वडा अध्यक्ष, वडा नं.७ | | |
| १०. | रंजित चौरसिया | वडा अध्यक्ष, वडा नं.८ | | |
| ११. | पुरुषेत्तम सिं पाण्डे | वडा अध्यक्ष, वडा नं.९ | | |
| १२. | महम्मद सबिर | वडा अध्यक्ष, वडा नं.१० | | |
| १३ | अजय कुमार कुशवाहा | वडा अध्यक्ष, वडा नं.११ | | |
| १४. | ललबाबु महतो | वडा अध्यक्ष, वडा नं.१२ | | |
| १५. | राजेश महथा खत्री | वडा अध्यक्ष, वडा नं.१३ | | |
| १६. | सुरेन्द्र प्रसाद जैसवाल | वडा अध्यक्ष, वडा नं.१४ | | |
| १७. | भोरिक प्रसाद यादव | वडा अध्यक्ष, वडा नं.१५ | | |
| १८. | शेषनाथ साह तेली | वडा अध्यक्ष, वडा नं.१६ | | |
| १९. | दिपेन्द्र महतो | वडा अध्यक्ष, वडा नं.१७ | | |

CamScanner

| | | | | |
|---|---|---|---|---|
| २०. | धुरुप राउत अहिर | वडा अध्यक्ष, वडा नं.१८ | | |
| २१. | हरिन्द्र राउत कुर्मी | वडा अध्यक्ष, वडा नं.१९ | | |
| २२. | मो.आलम पावरिया | वडा अध्यक्ष, वडा नं.२० | | |
| २३. | शिवबिहारी चौधरी | वडा अध्यक्ष, वडा नं.२१ | | |
| २४. | शिवचन्द्र कामी | वडा अध्यक्ष, वडा नं.२२ | | |
| २५. | अमिन अंसारी | वडा अध्यक्ष, वडा नं.२३ | | |
| २६. | हिरालाल चौधरी | वडा अध्यक्ष, वडा नं.२४ | | |
| २७. | चन्दन पटेल | वडा अध्यक्ष, वडा नं.२५ | | |
| २८. | धर्मेन्द्र प्रसाद यादव | वडा अध्यक्ष, वडा नं.२६ | | |
| २९. | अशोक कुमार तिवारी | वडा अध्यक्ष, वडा नं.२७ | | |
| ३०. | चम्पा देवी | कार्यपालिका सदस्य | | |
| ३१. | कल्पना अधिकारी नेपाल | कार्यपालिका सदस्य | | |
| ३२. | ललिता देवी | कार्यपालिका सदस्य | | |
| ३३. | कान्ती कुमारी | कार्यपालिका सदस्य | | |
| ३४. | लिलावती कुमार लोहार | कार्यपालिका सदस्य | | |
| ३५. | उदित कुमार साह कानु | कार्यपालिका सदस्य | | |
| ३६. | राजेश्वर सिंह | कार्यपालिका सदस्य | | |
| ३७. | नाथु साह | प्रमुख प्रशासकीय अधिकृत | | |

**बैठकमा सहयोग गर्ने कर्मचारीहरुको उपस्थिति**

| क्र.सं. | नाम, थर | पद | हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|
| १. | विजय अधिकारी | अधिकृत, आठौं | | |
| २. | महन्त ठाकुर | खरिदार | | |
| ३. | प्रेम कुशवाहा | का.स. | | |

CamScanner

**बैठक नं. ०५/०८२/८३ मिति २०८२/०६/२७ गतेको कार्यपालिका बैठकको निर्णयहरु**

कलैया उपमहानगरपालिका

नगर कार्यपालिकाको बैठक नं. ०५/०८२/८३ मिति २०८२/०६/२७ गतेको एजेण्डा तथा निर्णयहरु छलफल गरिने विषयहरु र निर्णयहरु (Agendas and Decisions)

१. ठेक्का नं. १ KSMC/NCB/WORKS-01-080/081 को योजना TOWN HALLको म्याद थप गर्ने सम्बन्धमा।

निर्णयः यस उपमहानगरपालिकाको आ.व. २०८०/०८१ मा संघीय सरकारको अनुदान अन्तर्गत TOWN HALL (नगरसभा गृह) ठेक्का नं. KSMC/NCB/WORKS-01-080/081 को योजनाको सम्बन्धमा देशको विभिन्न समस्या र बर्षात लगायत चाड पर्वको कारण ८५% भन्दा बढि कार्य हुँदै गर्दा पूर्ण रुपमा निर्माण कार्य सम्पन्न गर्न केहि काम मात्र बाकी रहेको व्यहोरा उल्लेख गर्दै निजले मिति २०८२/०३/३२ गते यस कार्यालयमा म्याद थप गरी पाउ भनि निबेदन पेश गरेकोमा सार्वजनिक खरिद (चौथो संशोधन) नियमावली, २०८२ को नियम १२० बमोजिम कार्यालयलाई थप भार नपर्ने गरी कार्य सम्पन्न गर्न Tamakoshi Sahara JV Hetauda-01, Makawanpurलाई २०८३ जेष्ठ मसान्त सम्म म्याद थप गर्ने निर्णय गरियो ।

२. कवाडी तथा वातावरण संरक्षण करको मूल्य घटाउने सम्बन्धमा ।

निर्णयः आ.व. ०८१/०८२ मा यस उपमहानगरपालिकाबाट कवाडी तथा वातावरण संरक्षण करको ठेक्का मिति २०८२/०२/१७ मा प्रथम पटक ३० दिने र मिति २०८२/०३/१८ मा दोस्रो पटक १५ दिने गरी उक्त ठेक्काको अन्तिम मूल्य रु. १,५२,००,०००।— कायम गरी सूचना प्रकाशन गर्दा कसैले पनि टेण्डर खरिद नगरेको ।

त्यसपछि, आ.व. ०८२/०८३ मा सोही ठेक्काको अन्तिम मूल्य रु. १,५२,००,०००।— मा १०% घटाई १,३६,८०,०००/- कायम गरी मिति २०८२/०४/०८ मा प्रथम पटक १५ दिने र मिति २०८२/०५/१३ मा दोस्रो पटक १५ दिने सूचना प्रकाशन गर्दा कसैले पनि टेण्डर खरिद नगरेको हुँदा फेरी ३ दिन थप गरी मिति २०८२/०५/१३ मा सूचना प्रकाशन गर्दा पनि कसैले टेण्डर खरिद नगरेकोले मिति २०८२/०६/०५ मा तेस्रो पटक १५ दिने उक्त ठेक्काको अन्तिम मूल्य रु. १,३६,८०,०००/- मा १०% घटाई रू. १,२३,१२०००/- मूल्य कायम गरी सूचना गर्दा पनि कसैले टेण्डर खरिद नगरेको हुँदा फेरी ३ दिन थप गरी मिति २०८२/०६/१९ मा सूचना प्रकाशन गर्दा पनि कसैले टेण्डर खरिद नगरेको । यसरी पटक–पटक सूचना प्रकाशित गरिए पनि टेन्डर बिक्री नभएको अवस्थालाई ध्यानमा राख्दै, नगरपालिकाले आफ्नो अमानतको स्रोतबाट

कर्मचारी खटाएर कर संकलन कार्य सम्पन्न गरेकोले, सोको आम्दानी तथा खर्चको तपसिल अनुसारको विवरणलाई विचार गर्दा उक्त ठेक्काको मूल्य घटाई सूचना प्रकाशित गर्नु उपयुक्त देखि पुनः उक्त ठेक्काको अन्तिम मूल्य रु. १,२३,१२०००/- मा २०% घटाई रू. ९८,४९,६००/- मूल्य कायम गरी १५ दिने सूचना प्रकाशन गर्ने निर्णय गरियो ।

<u>तपसिलः</u>

| आम्दानी | | खर्च | |
|---|---|---|---|
| महिना | रकम(रु.) | महिना | रकम(रु.) |
| २०८२ श्रावण | ७,४७,७३२/- | २०८२ श्रावण | २,५२,०००/- |
| २०८२ भदौ | ६,५८,०१२/- | २०८२ भदौ | २,८३,५००/- |
| जम्मा | १४,०५,७४४/- | जम्मा | ५,३५,५००/- |

३. योजना हेरफेर तथा कार्यान्वयन सम्बन्धमा ।

क. आ.व. २०८२/०८३ सशर्त अनुदान बजेट अन्तर्गत "कलैया उपमहानगरपालिका वडा नं. १६ देखि चिनीमिल जाने बाटोमा ग्रेभल र बेस मर्मत " योजना शिर्षकमा बजेट आएकोमा उक्त बाटोमा कुनै कुनै ठाउँमा बाहेक अधिकांश ठाउँको ग्रेभल बाटोको अवस्था राम्रो रहेकोले उपरोक्त शिर्षकको बजेट सोही खण्डमा अत्यावश्यक ठाउँको ग्रेभल मर्मत गरी बाँकी बजेटको सडक ढलान गर्ने निर्णय गरियो ।

ख. कलैया उपमहानगरपालिका वडा नं. ७ को मिति २०८२/०६/०७ गते च.नं. २७० को पत्रानुसार सोही वडामा खानेपानीको समस्या तथा चरम अभाव भएकाले वडा स्तरीय योजना बाट कलैया ७ का कृषकहरुको लागि कृषि अवलोकन भ्रमण कार्य योजनाको लागि विनियोजन भएको रकम रु. ३,५०,०००/- बाट उपभोक्ता समिति मार्फत कलैया ७ को रंगपुर टोलमा डिपबोरिङ जडान तथा मर्मत कार्य गर्ने निर्णय गरियो ।

CamScanner